**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिका बैठक**

बैठक मिति :- २०७७/०१/२१

**प्रस्तावहरु :-**

१. लकडाउनबाट प्रभावित व्यक्तिहरुलाई दोश्रो चरणमा राहत उपलव्ध गराउने सम्वन्धमा।
२. सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फतं उपलव्ध गराउन प्रकृया शुरु गर्ने सम्वन्धमा।

**निर्णयहरु :-**

**निर्णय नं १ :-**

कोरोना संक्रमण रोकथामको लागि घोषित देशव्यापी लकडाउनको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित व्यक्तिहरुलाई नगरपालिकाभित्र एक चरण राहत उपलव्ध गराइ सकिएकोमा लकडाउनको अवधी थप हुँदै जाँदा रोजगारी विहिन भई जीवन यापनमा कठिनाइ भएका व्यक्तिहरुलाई राहत उपलव्ध गराउनको लागि देहाय बमोजिम गर्ने:

(क) सम्वन्धित वडाले **एक परिवार एक रोजगार** हुने गरी बढीमा ७ दिनसम्म वडामा निर्मित सार्वजनिक सडकको नाली सरसफाइ, सिंचाई कूलो मर्मत/सरसफाई लगायतका कार्य गराउने गरी श्रममा आधारित राहत कार्यक्रम संचालन गर्ने र काम गरे बापत प्रति दिन नगरको स्वीकृत दररेट अनुसार अदक्ष श्रमिकको ज्याला रु. ७२०।- को दरले नगद कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट उपलव्ध गराउने।

(ख) माथि खण्ड (क) बमोजिम श्रम गर्न नसक्ने अपांगता भएका व्यक्ति, अति अशक्त वृद्ध, बालबालिका आदि मात्र भएको परिवार भएमा सम्वन्धित वडाले मूल्याङ्कन गरी नगरपालिकाबाट स्वीकृत मापदण्ड बमोजिमको राहत उपलव्ध गराइ अविलम्व नगर प्रमुख समक्ष विवरण पेश गरी अनुमोदन गराउने।

**निर्णय नं २ :-**

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्ने नेपाल सरकारको निर्देशन अनुसार मेलम्ची नगरपालिका भित्रका लाभग्राहीहरुको बैक खाता खोल्न लगाई बैंक मार्फत भत्ता वितरण गर्ने व्यवस्थाको लागि नगरमा रहेका बैंकहरुसँग आवश्यक समन्वय र सहकार्य गरी प्रकृया अगाडि बढाउने।

२०७७/१/२२